आज मिति २०७९ साल आषाढ ५ गते आईबारका दिन बिहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण राज पण्डितज्यूको अध्यक्षतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपसील बमोजिमका निर्णयहरु गरियो।

उपस्थिती :

श्री कृष्ण राज पण्डित , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री खुम बहादुर बि.क., उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री लिला वल्लभ न्यौपाने , प्रमुख प्रशासकीय अधिकृत एव्म सचिव (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री सुमन बहादुर राना मगर , सदस्य (नगर कार्यपालिका)

श्री सचिन भुजेल, सदस्य (नगर कार्यपालिका)

श्री राज कुमार वाग्ले , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री बुद्धि बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री खड्ग सिं थापा , सदस्य (नगर कार्यपालिका)

श्री नारायण सिंह थापा , सदस्य (नगर कार्यपालिका)

श्री धन बहादुर पुलामी (मगर) , सदस्य (नगर कार्यपालिका)

श्री राजेन्द्र भट्टराई क्षेत्री , सदस्य (नगर कार्यपालिका)

श्री शालीकराम भट्टराई , सदस्य (नगर कार्यपालिका)

श्री ईन्द्र गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री रिता नेपाली, सदस्य (नगर कार्यपालिका)

श्री सुमिता सुनार वि.क. सदस्य (नगर कार्यपालिका)

श्री सितादेवी तिमिल्सिना, सदस्य (नगर कार्यपालिका)

श्री शारदा लम्साल, सदस्य (नगर कार्यपालिका)

श्री डोलमाया गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यपालिका)

श्री बिमल जि.सी, सदस्य (नगर कार्यपालिका)

श्री सन्तोष वि.क, सदस्य (नगर कार्यपालिका)

CamScanner

<u>अन्य उपस्थिती :</u>

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

CamScanner

**निर्णय नं. १**

शुक्लागण्डकी नगरपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७७ को दफा ३ बमोजिम नगरप्रमुखको संयोजकत्वमा स्थानीय विपद् व्यवस्थापन समितिको गठन गर्ने ।

**निर्णय न २**

शुक्लागण्डकी नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण एवम् प्रभावकारी गर्न प्रगति अनुगमनका लागि देहाय बमोजिमको दिगो विकास लक्ष्य कार्यान्वयन समिति गठन गर्ने ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| उपप्रमुख | उप संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| प्रमुखले मनोनित गरेको निजी क्षेत्र र नागरिक समाजका ३ जना प्रतिनिधि | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय न ३**

शुक्लागण्डकी नगरपालिकाको विकास योजना कार्यक्रम र आयोजनाहरुको प्रगति समीक्षा तथा योजना कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि देहायको स्थानीय विकास समस्या समाधान समिति गठन गर्ने ।

| | |
|---|---|
| नगरप्रमुख | अध्यक्ष |
| उपप्रमुख | उपाध्यक्ष |
| कार्यपालिका सदस्यहरु | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| विषयगत क्षेत्रगत शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य सचिव |

कृष्ण राज पण्डित
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ४**

शुक्लागण्डकी नगरपालिका वडा न १२ मा Rich For Nepal नामक गैरसरकारी संस्थाले देहायका विद्यालयहरुमा विद्यालय भवन बनाउने भनी प्रस्ताव पेश गरेकोले उक्त भवन निर्माणको अनुमति प्रदान गर्ने ।

१ श्री वाराही प्रा वि,

२ श्री अमरज्योति प्रा वि

**निर्णय न ५**

भूमि व्यवस्था,सहकारी तथा गरीबी निवारण मन्त्रालयको मिति २०७९/२/२७ को पत्रसहित प्राप्त निर्णय वैठकमा प्रस्तुत भई छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१. भूउपयोग ऐन,२०७६ र भूउपयोग नियमावली २०७९ कार्यान्वयन गर्ने
२. स्थानीय भु उपयोग परिषद गठन गर्ने ।

**निर्णय न ६**

दुग्ध विकास संस्थान,लैनचौर काठमाण्डौ बाट शुक्लागण्डकी नगरपालिकामा Milk Processing Plant स्थापनार्थ न्युनतम १२ रोपनी जग्गा माग भै आएकोले उक्त संस्थानलाई प्रचलित कानूनबमोजिम लिजमा जग्गा प्रदान गर्नका लागि शुक्लागण्डकी नगरपालिकाले जग्गा लिजमा दिने सम्बन्धी कार्यविधि निर्माण गरी सोही कानुनबमोजिम हुने गरी उपयुक्त स्थानमा जग्गा उपलब्ध गराउने ।

**निर्णय न ७**

देहायका वडाबाट भैपरी तथा विविध शिर्षकमा रहेको रकमलाई सम्बन्धित वडाको सिफारिस बमोजिम निम्नानुसार गर्ने
:

प्रमुख प्रशासकीय अधिकृत

- वडाभर बाटो सरसफाईका लागि रु ५००००
- शिवजी टोलमा टोलबत्ती जडानका लागि रु ७००००
- सडक सोलार बत्ती जडानका लागि रु २००००
- राष्ट्रीय परिचयपत्र दर्ता संकलन खर्चका लागि ३५०००
- फेवा टेलिभिजनको जनचेतनामुलक कार्यक्रमका लागि रु २५००
- जनप्रतिनिधि बिदाई तथा स्वागत कार्यक्रमका लागि रु २५०००
- वडा कार्यालयको बगैचा तथा क्यारी निर्माणका लागि रु ३००००
- वडा कार्यालय संचालन तथा व्यवस्थापनका लागि रु ६७०००

ख. वडा न ३ को भैपरी शिर्षकमा रहेको रु ६५०००० मध्येबाट देहायबमोजिम गर्ने

- भुलभुले मोटरमार्गको ढलानका लागि रु १२००००
- आदर्श टोल मोटरमार्ग मर्मतका लागि रु ५००००
- कवासेटारदेखि टारसम्म रु १०००००

ग. वडा न ६ को विपद व्यवस्थापनमा विनियोजन गरिएको रकमबाट देहायबमोजिम गर्नेः

- वडा न ६ प्रगतिटोल शिवालय मन्दिर संरक्षणका लागि रु ५००००
- बाटो सरसफाइ(कुम्लेखोला बस्ती,बर्रेडाडा र दरगाउ) रु ९००००
- तिनखोले मन्दिर जाने बाटो मर्मत रु ६००००
- स्वास्थ्य सरसफाईका लागि विनियोजन गरीएको रकम बाट आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन उद्धाटन खर्च रु १९०००
- भैपरी आउने खर्चबाट शुक्ला साहित्य संगम रु ५००००
- राष्ट्रीय परिचयपत्र दर्ता संकलन खर्चका लागि रु ६३०००
- एक्लेदेखि ग्यारसि जाने पुल मर्मत रु २४०००
- जनसेवा मोटरमार्ग देखि लम्सालडाडा हुदै तिनखोले मोटरमार्ग जोड्ने बाटो स्तरोन्नती रु २५००००
- अमरज्योति प्रा वि मा शिक्षिकाको मृत्युपश्चात निजको शववाहनको लागि रु ६०००
- जनप्रतिनिधि विदाइ तथा स्वागत कार्यक्रम रु १५०००

कृष्ण राज पण्डित
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- वडा सभा खर्च रु १००००
- समावेशी टोल चौतारा निर ह्युम पाइप व्यवस्थापन १५०००
- जनसेवा मार्गबाट शान्ती कुना जाने बाटो स्तरोन्नती

घ. वडा न ७ को वडागत बजेटमा सि.नं ३७ को योजनामा सोही स्थानमा ग्यावीन जाली भर्ने तथा सि.न. ६० को योजनामा सोही स्थानमा ग्यावीन जाली भर्ने कार्य गर्ने।

**निर्णय नं. ८ :**

प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी देहायको कार्य गर्ने :

- वडा न ६ स्थित अमरज्योति प्रा.वि मा अध्यापनरत टेकमाया कुमालको अध्यापनको क्रममा मृत्यु भएकोले मृतक परिवारलाई रु ९०००० राहत रकम उपलब्ध गराउने।
- वडा नं. ३ निवासी कोपीला बस्नेत र उजेली कामी को आवासमा मनसुनजन्य प्रकोपबाट सिर्जित विपद्का कारण क्षति पुगेकोमा निर्णय हुन छुट भएकोले रु २०००० का दरले राहत रकम प्रदान गर्ने।

**निर्णय नं. ९ :**

गत आ.ब. ०७७/७८ मा स्वीकृत जिल्ला समन्वय समितिबाट लागत साझेदारी भएका योजनाहरुमध्ये कार्यसम्पन्न भएका योजना(शु.न.पा ११ बिसाउने चिलाउने खर्क खरिबोट लिफ्टीङ खानेपानी योजना र ७ नं. वडा कार्यालय भवन बाहेक ) देहायका योजनाको अन्तीम किस्ता रकम भुक्तानी माग गर्ने।

| सि.नं. | योजना र कार्यक्रमको नाम | संचालन हुने वडा | जि स स बाट प्राप्त हुने रकम रु |
|---|---|---|---|
| १ | शुनपा ६ चैनपुर बेलडाडा चैनपुर सोलार लिफ्टीङ खानेपानी योजना | ६ | २१५१००० |
| २ | २ नं. वडा कार्यालय भवन | २ | १५५०००० |
| ३ | ५ नं. वडा कार्यालय भवन | ५ | २८२१३५२ |
| ४ | १ नं. वडा कार्यालय भवन | १ | ७५१२९१ |
| ५ | ६ नं. वडा कार्यालय भवन | ६ | ३६०००० |
| ६ | १२ नं. वडा कार्यालय भवन | १२ | ३६०३९५ |
| ७ | सौरबोट लिफ्टीङ | ११ | २४८५७८० |
| ८ | वडा नं. १२ खानेपानी योजना | १२ | १२७५००० |

कृष्ण राज पण्डित
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | |
|---|---|---|---|
| ९ | आईशोलेसन भवन वार्ड निर्माण | ५ | ९००००० |
| १० | नगर सभा हल निर्माण | ४ | १७६७९०४ |

**निर्णय नं. १०**

आगामी आ.ब. ०७९/८० को वार्षिक बजेट, निति तथा कार्यक्रम तयारी,वडागत योजना छलफल तथा विषयगत समिति,कार्यपालिका बैठकको खर्च चालु खर्चतर्फ कर्मचारी पर्यटन काजका लागि विनीयोजन गरीएको रकमबाट रु ७ लाख विनियोजन गरी खर्च लेख्ने।

**निर्णय नं. ११**

शुक्लागण्डकी नगरपालिकाको एघारौ नगरसभा तथा आगामी आ.ब. ०७९/८० को वार्षिक बजेट, निति तथा कार्यक्रम प्रस्तुतीकरण यहि मिति २०७९/३/१० गते विहान ११ बजे आयोजना गर्ने।

कृष्ण राज पण्डित
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner